**जिल्ला समन्वय समिति डडल्धुराको दोश्रो जिल्ला सभा २०७५ मा जिल्ला समन्वय समितिका प्रमुख श्री गणेश राज भट्ट द्वारा प्रस्तुत आ.व. २०७५/०७६ को**

# नीति तथा कार्यक्रम

**जिल्ला समन्वय समितिका उप प्रमुख ज्यू**
**जिल्ला शभा सदस्य ज्यूहरु**
**अतिथि प्रमुख जिल्ला अधिकारीज्यू**
**जिल्ला समन्वय समितिका सदस्य ज्यहरु**
**अतिथि कार्यालय प्रमुख ज्यूहरु**
**अतिथि दातृ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरू,**
**अतिथी वार एसोसिएसनका अध्यक्षज्यू**
**अतिथि निजी, यातायात तथा वित्तिय संस्थाका प्रतिनिधी ज्यूहरु,**
**अतिथि गै.स.सं.का अध्यक्ष तथा प्रमुख एवं प्रतिनिधिज्यूहरू,**
**अतिथी पत्रकार महासंघका अध्यक्ष तथा पत्रकार एवं सञ्चारकर्मीज्यूहरु,**
**उपस्थित सम्पूर्ण बुद्धिजीवि, समाजसेवी, भद्र महिला तथा सज्जनबृन्द**

सर्वप्रथम देश र जनताका लागि विभिन्न समयमा भएका ऐतिहासिक आन्दोलनहरुमा आफनो जीवनको बलिदान गर्ने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै नेपालको संविधान २०७२ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चातको दोश्रो जिल्ला सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु।

मिति २०७४ श्रावण ४ गते पहिलो जिल्ला सभाको बैठक बसी नेपालको संविधान २०७२ को धारा २२० को उपधारा ३ बमोजिम एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा तीन महिला सदस्य, कम्तिमा एक जना दलित वा अल्पसंख्यक सदस्य सहित नौं सदस्यीय जिल्ला समन्वय समिति निर्धारण भई निर्वाचन पश्चात मिति २०७४ श्रावण २६ गते पदभार ग्रहण गरी जिल्ला समन्वय समिति क्रियाशिल रही आज दोस्रो जिल्ला सभा बस्दै छ ।

आजको गरिमामय सभामा यस जिल्ला समन्वय समितिको तर्फबाट जिल्लाको समग्र एवं प्रभावकारी विकासका लागि नेपालको संविधानको धारा २२० को उपधारा ७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ ले मार्गदर्शन गरे अनुरुप जिल्ला समन्वय समितिको नीति तथा कार्यक्रम जिल्ला सभा समक्ष प्रस्तुत गर्न पाउंदा आफुलाई गौरवान्वित महसुस गरेको छु। विगत लामो समय देखी स्थानीय निकाय निर्वाचित जनप्रतिनिधि विहिन भएको अवस्था र नेपालको संविधान जारी भई संघीय

प्रणाली अनुरुप तीन वटै तहहरुमा जनताले आफ्नो अभिभावकत्व पाएको महशुस पक्कै गरेको हुनुपर्दछ। यस्तो अवस्थामा सवैको इच्छा चाहाना र रुचीलाई सम्वोधन गर्नु निश्चय नै चुनौतीपुर्ण कार्य हो। तर पनि जनताको चाहाना अनुरुपको जिल्लाको विकासका लागि हामी बैज्ञानिक ढंगबाट अघि वढीरहेका छौं। यसका लागि जिल्लाका सवै स्थानीय सरकारहरु, विकासका साझेदार, सरकारी तथा गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी लगायत विकासका सहयात्रीहरुको भूमिका समेत महत्ववूर्ण रहदै आएको छ ।

यस अवसरमा हाम्रा अथक प्रयासहरुमा निरन्तर सल्लाह सुझाव सहयोग प्रदान गर्नुहुने माननीय सांसद ज्यूहरु, जिल्लामा क्रियाशिल राजनैतिक दलहरु, सराकारवाला विकास साझदारहरु एवं डडेल्धुरा जिल्लावासी सवै प्रति एकपटक पुन आभार व्यक्त गर्न चाहान्छु ।

**आदरणीय महानुभावहरु,**

यस जिल्लाको विकास प्रयासलाई योजनाबद्ध रुपमा व्यवस्थित र प्रभावकारी बनाउन, स्थानीय सरकार सञ्चलन एन २०७४ को प्रस्तावनामा संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्यता, सहअस्तीत्व र समन्वय गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरि सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु हामि सवैको कर्तव्य र दायित्व हो ।लोकतन्त्रको लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखी नै सुदृढ र सक्षम वनाउनु आजको हाम्रो आवश्यकता हो भन्ने कुरा महशुस गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम जिल्ला समन्वय समिति वैठकवाट नीतीगत निर्णय एवं भए गरेका प्रयासहरु यस सभा समक्ष पेश गरेको छ।

प्राकृतिक, सांस्कृतिक, भौगोलिक, ऐतिहासिक, र पर्यटकीय महत्वका दृष्टिले प्रचुर सम्भावना वोकेको जिल्ला भएर पनि तिब्र विकासको लागि हामी माझ केही चुनोतीहरु पनि नभएका होइनन। पिछडिएका वर्ग तथा समुदायलाई सामाजिक परिचालनका माध्यमबाट विकासको मूल धारमा ल्याउने, कृषी तथा उत्पादनशोल क्षेत्रमा लगानी बृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्धारा रोजगारी सृजना गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी आन्तरिक आयमा बृद्धि गर्ने लगायतका चुनौतीहरु हाम्रो सामु रहेका छन ।

मुलुकमा संविधानसभाबाट संविधान जारी भई तीन तहका सरकारहरू गठन भएको अवस्था छ । हाम्रो जिल्लामा ७ वटा स्थानीय तहमा सरकार विधायिकी, कार्यकारी र न्यायिक अधिकारसहित क्रियाशिल रहेका छन । स्थानीय सरकारले चालु आ.व.मा बजेट तर्जुमा देखी कार्यान्वयनसम्म र आगामी वर्षको वजेट तर्जुमा, कार्यान्वयनमा पनि जनसहभागिता र जनउत्साह बढाउदै अगाडी बढेका छन् । स्थानीय तहहलाई आवस्यक पर्ने विभिन्न कानून तर्जुमा गरी न्यायिक समितिहरू क्रियाशिल रहेका छन ।

**आदरणीय उपस्थित अतिथिज्यूहरु,**

अव म जिल्ला समन्वय समितिको २०७४/०७५ को यस अवधि सम्मको मुख्य उपलव्धी प्रस्तुतिका लागि अनुमति माग्दछु ।

- २०७४ साउन देखी हाल सम्म ९५ वटा नीतगत एवं समन्वयात्मक निर्णयहरु पारित गरिएको ।
- २०७४ साउन देखी हाल सम्म १६ पटक जिल्ला समन्वय समितिको वैठक सम्पन्न भएको ।

- मिति ०७४/७/२४ गते जिल्ला समन्वय समिति र स्थानीय तहहरु (गांउपालिका र नगरपालिका) का अध्यक्ष/प्रमुखहरु विचको अन्तरक्रियात्मक समन्वय वैठक सम्पन्न गरिएको ।
- मिति ०७४/७/२९ गते जिल्ला समन्वय समिति, विषयगत कार्यालयका पमुखहरु र स्थानीय तहहरुका प्रमुख प्रशासकीय अधिकृतहरु विचको अन्तरक्रियात्मक समन्वय वैठक सम्पन्न गरिएको ।
- मिति ०७४/७/२९ गते जिल्ला समन्वय समिति र जिल्ला स्थित गैर सरकारी संघसस्थाहरुका प्रमुख एवं प्रतिनिधिहरु विचको अन्तरक्रियात्मक समन्वय वैठक सम्पन्न गरिएको ।
- मिति ०७४ मंसिर २६ गते जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्वन्धी कार्यविधि- २०७४ तयार गरि पारित गरिएको ।
- मिति ०७४/९/८ गते जिल्ला स्तरीय प्रारम्भिक वातावरणीय परिक्षण(IEE) पुनरावलोकन तथा सिफारिस समिति गठन गरि जिल्ला स्थित सवै सरोकारवालाहरुलाई सो सम्वन्धमा जानकारी गराईएको ।
- मिति ०७४ चैत्र ७ गते जिल्ला समन्वय समिति तथा जिल्ला सभा वैठक सञ्चालन कार्यविधि- २०७४ तयार गरि पारित गरिएको ।
- मिति ०७४/१२/२८ गते जिल्ला समन्वय समिति र स्थानीय तहहरुको दोश्रो चौमासिक प्रगती समिक्षा वैठक सम्पन्न गरिएको ।
- मिति ०७५ वैसाख ७ गते  जिल्ला समन्वय समितिको संगठन संरचना र दरवन्दी तेरिज अनुसार पद मिलान गरि संगठन ढांचा पारित गरिएको ।
- मिति ०७५ असार ७ गते जिल्ला समन्वय समितिको आन्तरिक नियन्त्रण सम्वन्धी कार्यविधि- २०७५ तयार गरि पारित गरिएको ।
- जिल्ला स्थित कार्यालय वा निकाय र जिल्ला समन्वय समितिको सम्पत्ती दायित्व वजेट तथा कार्यक्रम स्थानीय तहमा हस्तान्तरणको प्रकृया र समय समेत सिफारिस गर्ने उपसमितिको कार्यविधि २०७५ पारित गरि आवस्यक प्रकृया अगाढी वढाईएको ।
- चालु आ.व.मा स्थानीय सरकार सञ्चालन, योजना तर्जुमा तथा बजेट, स्थानिय तहका न्यायिक समितिका पदाधिकारीहरूको न्याय सम्पादन सहजिकरण एवं सार्वजनिक वित्त तथा खरिद व्यवस्थापन सम्बन्धी २८२ पदाधिकारीहरू, १३८ कर्मचारीहरू गरी ४२० जनाको क्षमता अभिवृध्दीका कार्य सम्पन्न गरियो ।
- जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्वन्धी कार्यविधि - २०७४ वमाजिम जिल्ला समन्वय समितिका सदस्यहरूबाट आफुलाई तोकिएका स्थानीय तहहरूमा भएका सम्पूर्ण गतिविधिहरूको निरन्तर अनुगमन गरिएको ।

- जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्वन्धी कार्यविधि - २०७४ वमोजिम गरिवी निवारण कोष, वहुक्षेत्रीय पोषण कार्यक्रम, ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना, ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम, गरीवसँग विश्वेश्वर कार्यक्रमहरूबाट जिल्लास्थित स्थानीय तहहरुमा सञ्चालित कार्यक्रमहरूको संयुक्त अनुगमन गरि अनुगमन प्रतिवेदन तयार गरिएको र सो प्रतिवेदनमा सुझावसहित कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा पठाइएको ।
- मिति २०७५ बैशाख ११ गते डडेल्धुरा जिल्लास्थित उपक्षेत्रीय अस्पताललाई साधनस्रोत सम्पन्न गरी यस क्षेत्रको मेडिकल कलेजको रूपमा विकास गर्न प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको ।
- मिति २०७५ बैशाख ११ गते जग्गा नापजाँच ऐन अनुसार बि.सं.२०३२ सालपछि यस जिल्लामा बैज्ञानिक नापी नभएकोले नयाँ बैज्ञानिक नापीका लागि प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको ।
- मिति २०७५ बैशाख ११ गते डडेल्धुरामा ७५ प्रतिशत भन्दा बढी विभिन्न जैविक विविधता (वन सम्पदा) र महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकिय स्थलहरु रहेकाले डडेल्धुरा जिल्लालाई पर्यटकिय क्षेत्र विकासका लागि प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको ।

**आदरणीय उपस्थित अतिथिज्यूहरु,**

अव म जिल्ला समन्वय समितिको २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुतिका लागि अनुमति माग्दछु ।

- जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्वन्धी कार्यविधि - २०७४ लाई प्रभावकारी रुपमा लागुगरि जिल्लाको विकास निर्माण गतिविधिलाई चुस्त, दुरस्त र पारदर्शी बनाउन आवस्यक समन्वयका लागि पहल गरिने छ ।
- स्थानीयतहहरु विचको समन्वय वढाउन प्रत्येक चौमासिक रुपमा समन्वय वैठकको आयोजना गरिने छ ।
- जिल्ला भित्रका गांउपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवस्यक समन्वय गरिने छ ।
- जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रवाट विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरि त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने । त्यस्ता कार्यक्रमको प्रतिफलको सम्वन्धमा क्षेत्रगत वा समुदायगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवस्यक सूझाव र मार्गदर्शन दिईने छ र त्यसरी दिईएका मार्गदर्शन र सूझावहरुलाई सार्वजनिक गरिने छ ।
- स्थानीय तहहरुका पदाधिकारी एवं कर्मचारीहरुको क्षमता अभिवृधोको लागि प्रदेश तथा संघीय सरकारसंग समन्वय गरिने छ ।

- जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनका लागि जिल्लास्तर र स्थानीय तहको विपद व्यवस्थापन समितिहरूसँग  आवश्यक समन्वय र सहजीकरण गरिने छ ।
- डडेल्धुरा जिल्लास्थित उपक्षेत्रीय अस्पताललाई साधनस्रोत सम्पन्न गरी यस क्षेत्रको मेडिकल कलेजको रूपमा विकास गर्न बिशेष पहल गरिनेछ ।
- जिल्लाभित्र रहेका सरकारी र सार्वजनिक संघ संस्थाको सम्पत्तिको अभिलेख राखी औपचारिक तवरले सम्वन्धित स्थानीय तहहरूमा माग बमोजिम हस्तान्तरण  गरिनेछ ।
- जिल्लास्थित स्थानिय तहहरूबाट आगामी आ.व.मा सञ्चालित हुने कार्यक्रमहरू सम्बन्धमा जिल्ला समन्वय समिति र स्थानीय तहहरु (गांउपालिका र नगरपालिका) का अध्यक्ष/प्रमुखहरुसँग चौमासिक रूपमा बैठक बसी समिक्षा गरिनेछ ।
- संघीय, प्रदेश, स्थानीय तहका सरकार, गैरसरकारी संघ संस्थाहरूद्वारा संचालित कार्यक्रमको अभिलेखिकरण गरिनेछ ।
- सरकारी तथा गैर सरकारी संस्थासँग समिक्षा वैठकहरू सञ्चालन गरिनेछ ।
- जिल्लाको वन वातावरण संरक्षण र विकास निर्माण कार्यविच सन्तुलन मिलाई अगाडी बढने साझा नीति निर्माण गरी लागू गरिनेछ ।
- चुरे र महाभारतको संरक्षणका लागि साझा प्रयास र पहल गरिनेछ ।
- गरिवी न्यूनीकरण, रोजगारी सृजनाका लागि साझा प्रयास र पहल गरिनेछ ।
- जातीय भेदभाव, लैंगिक विभेद, छाउपढी जस्ता समाज विरूध्दका प्रथा र परम्परालाई शून्यमा पुर्याउने प्रयास र पहल गरिनेछ ।
- खेलकूदको विकास गर्न कुनै एक विधामा स्थानीय तहको प्रतिनिधित्व हुने गरी समन्वय कप सञ्चालन गरिनेछ र जसका लागि कार्यविधि तयार गरिनेछ ।
- जग्गा नापजाँच ऐन अनुसार बि.सं. २०३२ सालपछि यस जिल्लामा बैज्ञानिक नापी नभएकोले नयाँ बैज्ञानिक नापीका लागि जिल्लास्थित सबै स्थानिय तहहरूसँगको समन्वय गरी बैज्ञानिक नापीका लागि पहल गरिनेछ ।
- डडेल्धुरामा ७५ प्रतिशत भन्दा बढी  विभिन्न जैविक विविधता (वन सम्पदा) र महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकिय स्थलहरु रहेकाले डडेल्धुरा जिल्लालाई पर्यटकिय क्षेत्र विकासका लागि विशेष पहल गरिनेछ।
- महिला तथा वालवालिकाको संरक्षणका लागि जिल्लामा एकमात्र सुरक्षीत आवास गृह रहेकाले सबै स्थानिय तहसँग समन्वय गरी आवास गृह सञ्चालन गरिनेछ र सो का लागि आवश्यक विधि समेत तयार गरिनेछ ।

- स्थानीय तहमा समायोजन हुने कार्यालय र कर्मचारीको व्यवस्थापनका लागि प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक समन्वयका लागि पहल  गरिनेछ ।
- यस जिल्लामा हवाई मैदान नभएकोले जिल्लाको विकासमा पर्याप्त सम्भावना रहेता पनि परिचालन हुन नसकेकोले हवाई मैदान निर्माणको लागि प्रदेश र संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- यस जिल्लामा रहेको त्रि.वि. को एकमात्र आंगिक क्याम्पस डडेल्धुरा वहुमुखी क्याम्पसलाई व्यवस्थित गरी गुणस्तरीय शिक्षा प्रदानका लागि आवश्यक वातावरण तयार गर्न सवै सरोकारवालाहरूसँग समन्वय वैठक गरी प्रभावकारी रूपमा अगाडी बढाउने ।
- यस जिल्लाको परशुराम न.पा. र भागेश्वर गा.पा. लाई भारतसँग जोडने नाका खोल्नका लागि संघीय सरकारमा पहल गर्ने ।
- डडेल्धुरा जिल्ला पर्यटकीय जिल्लाको सम्भावनाहरू प्रचुर मात्रामा रहेको र ७ नं. प्रदेशको मध्यमा अवस्थित जिल्ला  भएकोले यस जिल्लामा  यस अघि पूर्व सम्भाव्यता अध्ययन भएको ठाउ मध्ये उपयुक्त स्थानमा हवाई मैदान निर्माणको लागि प्रदेश र संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- प्रदेश नं. ७ को विकास निर्माणको मेरूदण्डको रुपमा प्रस्तावित पश्चिम सेती जलविधुत आयोजना कार्यान्वयनका लागि संघीय सरकारसँग विशेष पहल गर्ने ।

**सम्पूर्ण आदरणीय उपस्थित महानुभावहरु,**

अन्त्यमा, जिल्ला समन्वय समिति एवं जिल्ला सभाको समन्वयकारी तथा अनुगमन मूल्याङ्कनको भुमिकालाई प्रभावकारी र पारदर्शी वनाउन सवै स्थानीय तहहरु,  आम नागरिक, राजनितिक दल, वौद्विक व्यक्तित्व, नागरिक समाज, पत्रकार, विकासका साझेदार लगायत सम्पुर्ण महानुभावहरुको सकृय र अर्थपुर्ण भुमिका र सहयोग रहने कुरामा विशवस्त रहदै यहांहरुको अमुल्य सल्लाह, सूझाव र सहभागिता प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु ।  साथै आफनो कार्य व्यस्तताको वावजुद पनि यस जिल्ला सभामा गरिमामय उपस्थितिको लागि सम्पुर्ण महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**धन्यबाद**

गणेश राज भट्ट
प्रमुख
जिल्ला समन्वय समिति
२०७५ आषाढ २८ गते विहीबार